# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा. परिपत्र संख्या : १७/२०७८-७९** **मितिः २०७८/०९/१६**

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**१. एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७६ मा देहायबमोजिम संशोधन गरिएको छ :**

दफा १.१.५ मा खण्ड (द) थप :

**विद्युतीय भुक्तानी प्रणाली लागू भई विद्युतीय माध्यमबाट मात्र भन्सार राजस्व लिने व्यवस्था भएका भन्सार कार्यालयहरुमार्फत् हुने आयातको हकमा खण्ड (ङ) र (च) मा उल्लेख भएको चेक जारी गर्न पाइने छैन । तर, उल्लिखित धरौटी रकम भने लिनु पर्नेछ ।**

दफा १.३.२ को खण्ड (च) मा थप :

**तर, विद्युतीय भुक्तानी प्रणाली लागू भई विद्युतीय माध्यमबाट मात्र भन्सार राजस्व लिने व्यवस्था भएका भन्सार कार्यालयहरुमार्फत् हुने आयातको हकमा चेक जारी गर्न पाइने छैन । उल्लिखित धरौटी रकम भने लिनु पर्नेछ ।**

दफा १.४.३ थप :

**विद्युतीय भुक्तानी प्रणाली लागू भई विद्युतीय माध्यमबाट मात्र भन्सार राजस्व लिने व्यवस्था भएका भन्सार कार्यालयहरुमार्फत् हुने आयातको हकमा खण्ड १.४.१ र १.४.२ मा उल्लिखित चेक जारी गर्न पाइने छैन । तर, उल्लिखित धरौटी रकम भने लिनु पर्नेछ ।**

दफा १.११.१ को खण्ड (क) मा संशोधन :

मालसामान आयातको भुक्तानीका लागि प्रचलित व्यवस्था अन्तर्गत रही प्रतीतपत्र, ड्राफ्ट वा टि.टि.को माध्यमबाट भारतीय रुपैयाँको सटही प्रदान गर्न सकिनेछ । तर, **भा.रु. ३ करोडभन्दा** बढीको बस्तु आयात अनिवार्य रुपले प्रतीतपत्र मार्फत गर्नुपर्नेछ । यसरी सटही प्रदान गर्दा यसै साथ संलग्न नमूना बमोजिमको वि.वि.नि.फा.नं.४ (ग) जारी गर्नुपर्नेछ । यसरी प्रतीतपत्र, ड्राफ्ट वा टि.टि. को माध्यमबाट सामान आयात गर्दा प्रचलित व्यवस्था बमोजिम २ वा १० प्रतिशत धरौटी लिनुपर्नेछ र सो रकमबाट भंसार महसुल बुझाउने प्रयोजनको लागि **आयातकर्ताको अनुरोधमा** चेक उपलब्ध गराउन **सकिनेछ । तर, विद्युतीय भुक्तानी प्रणाली लागू भई विद्युतीय माध्यमबाट मात्र भन्सार राजस्व लिने व्यवस्था भएका भन्सार कार्यालयहरुमार्फत् हुने आयातको हकमा चेक जारी गर्न पाइने छैन । उल्लिखित धरौटी रकम भने लिनु पर्नेछ ।**

दफा १.११.१ (झ) को शुरुको वाक्यमा संशोधन :

नेपाली नागरिक तथा नेपालमा विधिवत दर्ता भएका फर्म, कम्पनी, संघ संस्थाले भारतस्थित नियोग, संघ, संस्था, कम्पनीसँग लिने विभिन्न सेवा शुल्क भुक्तानीको लागि भारतीय रूपैयाँ **३ लाख**सम्मको सटही सुविधा देहायबमोजिमका कागजातहरू लिई वाणिज्य बैंकहरूबाट प्रदान गर्न सकिनेछ :

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
११. श्री नेपाल उद्योग परिसंघ ।
१२. श्री नेपाल चेम्बर अफ कमर्स ।
१३. श्री नेपाल बैंकर्स संघ ।
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१५. श्री नेपाल वित्तीय संस्था संघ ।